अनुसूची - १

# जनक शिक्षा सामग्री केन्द्र लि.

केन्द्रीय कार्यालय
सानोठिमी, भक्तपुर

**श्रीमान् प्रबन्ध सञ्चालकज्यू,**
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर ।

**विषयः-** बिक्रेता नवीकरण वा सूचिकृतका लागि निवेदन ।

महोदय,

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको .............................. मिति ................. मा प्रकाशित सूचनाअनुसार बिक्रेताका रूपमा नवीकरण वा सूचिकृत भई काम गर्न तपसीलबमोजिमको व्यहोरा उल्लेख गरी यो आवेदन पत्र दिएको/का छु/छौं ।

**तपसील**

**१. आवेदक**

(क) फर्म, संस्था वा कम्पनीको पूरा नामः- ..................................................................

(ख) फर्म भए रजिस्ट्रेसन भएको मिति र नम्बरः- ..........................................................

(ग) स्थायी लेखा नम्बर र मितिः- ............... /मू.अ. कर दर्ता भएको मितिः- ..................

(घ) फर्म, संस्था वा कम्पनीको मुख्य कार्यालय रहेको स्थानः- ............................................

(ङ) पाठ्यपुस्तक बिक्रीको अनुभव भएको/नभएकोः- ..................................................

२. फर्म, संस्था वा कम्पनीको किसिमः- ..........................................

३. पाठ्यपुस्तक बिक्रीवितरण गर्न चाहेका जिल्ला/हरूः- ....................................................

**भवदीय,**

आवेदकको सहीः- ...................................

पूरा नाम, थरः- .................................................

ठेगानाः- .................................................

फोन नंः- मोबाइल नंः- .................. इमेलः- ................................................

मितिः- ..................................

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र पाठ्यपुस्तक बिक्रेताबीच पाठ्यपुस्तक बिक्रीवितरण गर्ने सम्बन्धी सम्झौतापत्र

जनक शिक्षा सामग्री केन्द्र लि., सानोठिमी, भक्तपुर (पहिलो पक्ष) र .................................... ................................. (दोस्रो पक्ष) का बीच मिति २०७ को निर्णयानुसार आवश्यक प्रक्रिया पुऱ्याई निम्नलिखित सर्त बन्देजका अधीनमा रही यो सम्झौतापत्रको लिखत तयार गरेका छौं ।

## सम्झौताका सर्त

(क) प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको पाठ्यपुस्तक .......................... जिल्लामा पुऱ्याई बिक्रीवितरण गर्नुपर्ने छ । बिक्रेताले प्रमाणपत्र पाएको मितिसमेत उल्लेख गरी आफ्नो बिक्रीस्थलमा "जनक शिक्षा सामग्री केन्द्र लि.को बिक्रेता" भनी ठूलो अक्षरमा लेखी केन्द्रको प्रतीक चिन्ह (लोगो) समेत स्पष्टरूपमा देखिने गरी घटीमा ३×२ फिट आकारको साइनबोर्ड राख्नुपर्ने छ ।

(ख) बजार अनुगमन समिति, केन्द्र वा अन्तरगतका कार्यालयले बिक्रेतासँग मौज्दात रहेका पाठ्यपुस्तकको विवरण माग गरेमा उपलब्ध गराउनुपर्ने छ । निरीक्षण र अनुगमनका सिलसिलामा माग गरिएका कागजात एवम् सूचनाहरू उपलब्ध गराउनुपर्ने छ ।

(ग) बिक्रेताले बिक्रीस्थलमा मूल्यसूची राख्नुपर्ने छ ।

[Δ](घ) ...........................

(ङ) बिक्रीस्थलमा प्रस्ट देखिने गरी सुरु नियुक्ति भएको मितिसमेत उल्लेख गरी केन्द्रले तोकेको ढाँचामा साइनबोर्ड, बिक्री मूल्यसूची, बिक्री र मौज्दात विवरण, छाप, कर बिजक राख्नुपर्ने छ ।

(च ) नवीकरण वा सूचिकृत भएका फर्म वा कम्पनी वा संस्थाले आफूले कबोल गरेको जिल्ला वा क्षेत्रमा पाठ्यपुस्तक ढुवानी गरी बिक्रीवितरण गर्नुपर्ने छ ।

(छ) जनक शिक्षा सामग्री केन्द्र लि.ले पाठ्यपुस्तक बिक्रेतालाई प्रारम्भिक कमिसन ९ (नौ) प्रतिशत र अनुसूची - ५ बमोजिमको अतिरिक्त कमिसन भुक्तानी दिँदा सम्बन्धित विद्यालयमा पाठ्यपुस्तक बिक्री गरेको ब्यहोरा खुलाई [Δ]..... सम्बन्धित स्थानिय तहले सिफारिस गरेपछि मात्र भुक्तानी गरिनेछ ।

[✱](छ१)बिक्रेताले घटीमा तिन लाख रुपेया बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्नेछ । तीन लाख भन्दा घटीको पुस्तक खरिद गरेमा अनुसूची ५ बमोजिमको थप ढुवानी कमिसन दाबी गर्न पाइने छैन । तर अनुसूची ६ अर्न्तगतका हिमाली क्षेत्रको जिल्लाहरुको हकमा रु एक लाख बराबरको पुस्तक खरिद गर्नुपर्नेछ ।

(ज) बिक्रेताले पाठ्यपुस्तक खरिद गरेको स्थानबाट सम्झौता भएको मितिले १५ दिनभित्र बिक्रीस्थलमा पुऱ्याई बिक्रीवितरण गरिसक्नुपर्ने छ र बिक्रीवितरणको विवरण [*]स्थानिय तहमा उपलब्ध गराउनुपर्नेछ ।

(झ) बिक्रेतालाई बिक्री गरिसकेको पाठ्यपुस्तक फिर्ता हुने छैन तर कुनै पाठ्यपुस्तक वा शैक्षिक सामग्री छपाइमा त्रुटी देखिएमा केन्द्रले सट्टा भर्ना दिनेछ ।

(ञ) बिक्रेताले केन्द्र र बिक्रेताबीच भएको सम्झौताको परिपालना गर्नुपर्ने छ ।

(ट) उपर्युक्त सर्तहरूमा कठिनाइ आइपरेको अवस्थामा व्याख्या गर्नुपरेको खण्डमा केन्द्रको निर्णय अन्तिम हुनेछ ।

(ठ) केन्द्रको बिक्रेताका रूपमा कायम रहेसम्म निजले केन्द्रको पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका, २०७० मा उल्लिखित दायित्वहरूको पालना गर्नुपर्ने छ ।

यो सम्झौतापत्र आजका मितिदेखि लागू हुने गरी माथि उल्लिखित सर्त बन्देजहरू दुवै पक्षले पालना गर्न दुवै पक्षको पूर्ण मञ्जुरी भई जनक शिक्षा सामग्री केन्द्र लि., सानोठिमी, भक्तपुरमा बसी तपसीलका साक्षीको रोहवरमा हस्ताक्षर गरी सम्झौतापत्रको एक-एक प्रति बुझिलियौं/दियौं ।

| **जनक शिक्षा सामग्री केन्द्र लि.का तर्फबाट** | **बिक्रेताका तर्फबाट** |
|---|---|
| नामः- श्री | नामः- श्री |
| पदः- | ठेगानाः- |
| हस्ताक्षरः- | हस्ताक्षरः- |

इति सम्वत् २०७ साल .......... महिना ..... गते रोज ...... शुभम् ।

---

Δ चौथो संशोधनद्वारा झिकिएको ।

✱ चौथो संशोधनद्वारा थप गरिएको ।

* चौथो संशोधनद्वारा संशोधन गरिएको ।